## कार्यकारी समितिको (मिति २०७४।०२।२१ गते आईतबार) ६८ औं बैठकका निर्णयहरु

### निर्णय नं.१.

संघीय संरचनामा भूकम्पोत्तर पुनर्निर्माण तथा पुनर्लाभ कार्यक्रमको कार्यान्वयन कार्यढाँचा सम्बन्धमा सह सचिव कृष्णप्रसाद दवाडीको सयोजकत्वमा गठित तीन सदस्यीय कार्यदलको प्रारम्भिक प्रतिवेदनमा छलफल भयो सो सम्बन्धमा प्रतिवेदनमा उल्लेख भएका देहायका विषयमा देहाय अनुसार गर्ने ।

**संघीय संरचनामा भूकम्पोत्तर पुनर्निर्माण तथा पुनर्लाभ कार्यक्रमको कार्यान्वयन कार्यढाँचा देहाय बमोजिम हुनेः**

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहेका केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु तथा सो अन्तर्गतका इकाईहरु समेत प्राधिकरण अन्तर्गत ल्याई दोहोरो उत्तरदायित्वको अवस्थाको अन्त्य गर्ने ।
- स्थानीय निकायमा प्राधिकरणको पुनर्निर्माण तथा पुनर्लाभ इकाई रहने । सो इकाईमा आवश्यक जनशक्तिको व्यवस्था प्राधिकरणले ओ एण्ड एम सर्भेक्षण गरी प्रस्ताव गर्ने ।
- भूकम्प अति प्रभावित १४ जिल्लामा प्राधिकरणका जिल्ला सचिवालयहरु यथावत राखी बाँकी १७ जिल्लाहरुको हकमा कार्यबोझको आधारमा छुट्टै कार्यालय वा इकाई राख्ने प्रक्रिया अगाडि बढाउने ।

### निर्णय नं २. विविध

**२.१** वैदेशिक रोजगारीमा जान चाहने युवा जनशक्तिलाई डकर्मी तालिम दिई उनीहरुको सीप अभिवृद्धि गर्ने साथै कार्यकारी समितिको ४८ औँ बैठकले निर्धारण गरेको प्राथमिकीकरण विधि बमोजिम लाभग्राहीहरुको आवास पुनर्निर्माणमा सहयोग पुऱ्याउने । पुनर्निर्माणको क्षेत्रमा नेपालमै रहेको रोजगारीको अवसर समेतको बोध गराउने गरी वैदेशिक रोजगारीमा जान इच्छुक युवा जनशक्तिलाई परिचालन गर्ने अवधारणा स्वीकृत गर्ने । यस सम्बन्धमा कार्यविधि बनाई प्रक्रिया अगाडि बढाउने ।

**२.२** विभिन्न गैर सरकारी संस्थाहरुबाट प्राप्त प्रस्ताव सम्बन्धमा पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ अनुसार विभिन्न गैर सरकारी संस्थाहरुबाट पेश भई सम्बन्धित सरोकारवालाको सिफारिश सहित स्वीकृतिको लागि पेश हुन आएका देहायको अनुसूची १ बमोजिमका परियोजना प्रस्तावहरु स्वीकृत गर्ने ।

सचिव

अनुसूची : १

| क.स. | संस्थाको नाम | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना बिवरण | परियोजना कार्यान्वयन हुने साविक गा.वि.स./न.पा. | जम्मा बजेट | परियोजना अबधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | Classrooms in the Clouds | नव ज्योति माध्यमिक विद्यालय पुनर्निर्माण कार्यक्रम | Education | ६ कोठे विद्यालय भवन निर्माण | **सोलुखुम्बु**<br>नव ज्योती माध्यमिक विद्यालय काङगेल<br>६ कोठे विद्यालय भवन | १,९८,००,८७०।- | २ बर्ष | RCC wall and roof CGI Sheet |
| २ | Build Change | सुरक्षित घर प्राबिधिक सहयोग | पुनर्निर्माणमा प्राबिधिक सहयोग | १.घर बनाउन नाप नक्शा सहयोग ।<br>२.मितव्ययी तरिकाले भूकम्प प्रतिरोधी घर बनाउन प्राबिधिक सहयोग<br>३.सुरक्षित घर बनाउन क्षमता विकास सहयोग गर्ने । | **सिन्धुपाल्चोक,**<br>चैतारा सांगाचौक नगर, बाह्रबिसे, मेलम्ची<br>**दोलखा,**<br>भिमेश्वर, जिरी<br>**काभ्रे,**<br>धुलिखेल, पनौती, पाँचखाल, नमोबुद्ध, मन्डन देउपुर, बनेपा<br>**नुवाकोट,**<br>बिदुर,देउपुर गढी<br>**मकवानपुर,**<br>हेटौडा, थाहा<br>**सिन्धुली**<br>कमलामाई, दुधौली<br>**ओखलढुंगा**<br>सिद्धिचरण<br>**रामेछाप**<br>मन्थली, रामेछाप<br>**धादिङ**<br>धुनिबेसी, निलकण्ठ<br>**गोरखा**<br>गोरखा, पालुङटार<br>**रसुवा**<br>गोसाईकुण्ड गाँउपालिका | ४०,८७,०१,५४१।- | तीन वर्ष | |

सचिव